**भूकम्पपछिको पुनर्निर्माणको सन्दर्भमा सहरी विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन इकाईको दरबन्दीका स्थानीय तहमा खटाइएका असिस्टेन्ट सब-इन्जिनियरहरुले आफ्नो कार्यक्षेत्रमा सम्पादन गर्नुपर्ने क्षेत्रगत कार्य विवरण**

१. भूकम्पपछिको निजी आवास पुनर्निर्माण कार्यक्रम अन्तर्गत आवास निर्माणका लागि अनुदान सम्झौता गरेका, प्राविधिक सुपरिवेक्षण र प्रमाणीकरणका लागि अनुरोध गरेका, भूकम्प पीडितहरु (लाभग्राही) को प्राप्त सूची बमोजिम आवास निर्माण कार्यमा सहयोग र सहजीकरण गर्ने ।

२. भूकम्प पीडितका लागि निर्माण गरिने निजी र सामुहिक आवासहरुको निर्माणको सिलसिलामा स्वीकृत मापदण्ड अनुसारको नक्शा डिजाइनहरु मध्ये उपयुक्त नक्शा छनौट गरी आवास निर्माण गर्न सहयोग गर्ने, लाभग्राहीको आवश्यकता अनुसारको नक्शा डिजाइनमा मद्दत गर्ने । स्वीकृत मापदण्ड अनुसारको नक्शा डिजाइनको आकार भन्दा फरक छनौट गर्न चाहेमा सो मा आवश्यक सहजीकरण गरी भूकम्प प्रतिरोधी आवास निर्माण गर्न सल्लाह सुझाव दिने र त्यसको अनुगमन गर्ने ।

३. भूकम्प पीडितका लागि निर्माण गरिने निजी र सामुहिक आवासहरुको निर्माणको सिलसिलामा निर्माणस्थलमा गई प्राविधिक निरीक्षण गरी भवनको रेखाङ्कन लगायतका सम्पूर्ण प्राविधिक सेवा उपलब्ध गराउने, निर्माण कार्यको सहजीकरण तथा सुपरिवेक्षण गर्ने र स्वीकृत नक्शा/डिजाइन तथा मापदण्ड र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट स्वीकृत कार्यविधि तथा निर्णयहरुका आधारमा तीन किस्तामा दिने अनुदानका किस्ता उपलब्ध गराउन सब-ईन्जिनियरसमक्ष पेश गर्ने।

४. सम्बन्धित लाभग्राहीहरुले निर्माण गरेको घर स्वीकृत डिजाइन-नक्शा अनुसार भए, नभए र भुक्तानीका लागि सिफारिस गरिएका आवासहरुको बारेमा सम्बन्धित सब-ईन्जिनियर/ईन्जिनियरलाई नियमित रुपमा जानकारी गराउने ।

५. भूकम्प पीडितको एकीकृत वस्ती, वस्ती स्थानान्तरण सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनका लागि खटिएका सब-ईन्जिनियर/ईन्जिनियरको निर्देशनमा आवश्यक प्राविधिक सहयोग गर्ने ।

६. निजी आवास पुनर्निर्माणका लागि नेपाल सरकारबाट उपलब्ध गराइने अनुदान सम्झौता गर्न सम्बन्धित स्थानीय तहको वडा तहमा रही सम्पूर्ण सहयोग गर्ने ।

७. पूर्ण रुपमा अनुदान सम्झौता सम्पन्न भई सम्पूर्ण निजी आवासहरुको निर्माण कार्य शुरु नभएसम्म खटाईएको कार्यक्षेत्रमा लाभग्राहीहरुले निर्माण शुरु गरिसकेका र निर्माण गर्न चाहने निजी आवासीय भवनहरु सुरक्षित र भवन संहिता अनुसार निर्माण गर्न स्थानीय वस्तीहरुमा पुगी सहजीकरण गर्दै आवश्यक सहयोग, सुझाव उपलब्ध गराउने र यसरी निर्माण भएका भवनहरुको अभिलेख राखी सम्बन्धित सब-ईन्जिनियर/ईन्जिनियरसमक्ष पेश गर्ने ।

८. कामदारहरुलाई भुकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने वा तालिम दिने तहको खटिएका सब-ईन्जिनियर/ईन्जिनियरको निर्देशनमा सहयोग, सहजीकरण तथा अनुगमन गर्ने।

९. लाभग्राहीहरुसँग गरिएको अनुदान सम्झौता तथा भवन निर्माणको प्रत्येक निरीक्षण को MIS Data Entry गर्न सम्बन्धित सब-ईन्जिनियर/ईन्जिनियरलाई सघाउने ।

१०. अनुदान वितरण प्रयोजनका लागि स्थानीयतहका प्रमुख प्रशासकीय अधिकृतले तयार गरी बैंक तथा जिल्लास्तरमा पठाउनु पर्ने लाभग्राहीहरुको विवरण विद्युतीय माध्यमबाट पठाउन सम्बन्धित सब-ईन्जिनियर/ईन्जिनियरलाईलाई सहयोग गर्ने ।

११. सहरी विकास मन्त्रालय अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन इकाई र मातहत आफु खटिएको स्थानीय तहमा निर्माण हुने सम्पूर्ण सरकारी भवन निर्माण, मर्मत सुधार र अन्य निर्माण सम्वन्धी कार्यहरुमा आवश्यकता अनुसार सब-ईन्जिनियर/ईन्जिनियरको रेखदेखमा प्राविधिक सहयोग गर्ने ।

१२. सहरी आवास पुनर्निर्माण कार्यका लागि सम्बन्धित सहरी वस्तीको योजना गर्ने कार्यमा सम्बन्धित सब-ईन्जिनियर/ईन्जिनियरलाई सहयोग गर्ने ।

१३. सब-ईन्जिनियर/ईन्जिनियरको रेखदेखमा आवश्यकतानुसार क्षमता अभिवृद्धि सम्बन्धी तालिम/अभिमुखिकरण कार्यक्रमहरु संचालनमा सहयोग गर्ने ।

१४. आफु खटिएको वडामा सहरी पूर्वाधार पूनर्निर्माण कार्यको कार्यान्वयन गर्न सम्बन्धित सब-ईन्जिनियर/ईन्जिनियरलाई सहयोग गर्ने ।

१५. राष्ट्रिय पुनर्निर्माण नीति, २०७२ अनुसार विद्यालय भवनहरु तथा स्थानीय तहका भवनहरुको पुनर्निर्माण र मर्मत संभारको कार्यमा आवश्यक प्राविधिक सहयोग दिने ।

१६. राष्ट्रिय पुनर्निर्माण नीति, २०७२ स्थानीयस्तरका वडा विकास योजनाको मर्मत संभारको कार्यमा प्राविधिक सहयोग दिने ।

१७. आवश्यकता अनुसार आफु खटिएको वडाका विभिन्न निर्माण कार्यको डिजाइन तथा नक्शा तयार गरी लागत अनुमान तयार गर्ने ।

१८. जिल्ला आयोजना कार्यान्वयन इकाईबाट समय समयमा दिइएका निर्देशन र जिम्मेवारी बमोजिमका कार्यहरु सम्पन्न गर्न सघाउने ।

१९. स्थानीयस्तरमा गैरसरकारी संस्थाहरुबाट हुने पुनर्निर्माण कार्यको हकमा सब-ईन्जिनियर/ईन्जिनियर र जिल्ला आयोजना कार्यान्वयन इकाईबाट जिम्मेवारी दिइएमा सो को अनुगमन र सुपरिवेक्षण गर्ने ।

२०. स्थानीय तहमा खटिएका असिस्टेन्ट सब-इन्जिनियरहरुले खटाईएको स्थानमा गई काम गर्नु पर्नेछ । असिस्टेन्ट सब-इन्जिनियरहरुको कार्यसम्पादन लगायतका विषयको अनुगमन सुपरिवेक्षण सब-ईन्जिनियर/ईन्जिनियर, स्थानीय तहको प्रशासकीय प्रमुखवाट हुनेछ । कार्य वोझ र आवश्यकताका आधारमा केन्द्रीय आयोजना कार्यान्वयन इकाईले असिस्टेन्ट सब-इन्जिनियरहरुलाई तोकिएको भन्दा फरक कार्यक्षेत्रमा पनि खटाउन सक्नेछ ।

२१. स्थानीय तहहरुमा खटाइएका असिस्टेन्ट सब-इन्जिनियरहरुले सम्वन्धित स्थानीय तहका वडामा हाजिरी गर्ने र सब-ईन्जिनियर/ईन्जिनियरको प्रत्यक्ष निगरानीमा स्थानीय वडाका प्रशासकीय प्रमुखसँग समन्वय गरी काम गर्नुपर्नेछ ।

२२. स्थानीय तहहरुमा खटिएका असिस्टेन्ट सब-ईन्जिनियरहरुलाई आवश्यक तथ्याङ्क, विवरण र कार्य स्थल उपलब्ध गराउने जिम्मेवारी सम्वन्धित स्थानीय वडाको हुनेछ ।

२३. इन्जिनियर, सब-इन्जिनियर र असिस्टेन्ट सब-इन्जिनियरहरुको हाजिरी पारिश्रमिक भुक्तानीका लागि सम्बन्धित स्थानीय तहले जिल्ला आयोजना कार्यान्वयन इकाईमा पठाउने छ । निकासापछि तलब भत्ता प्राप्त हुनेछ ।

२४. सब-ईन्जिनियर/ईन्जिनियरहरुलाई जानकारी नगराई कुनै पनि असिस्टेन्ट सब-इन्जिनियरले आफ्नो कार्यक्षेत्र छाड्न पाउने छैन । यसरी कार्यस्थल छोडेको पाइएमा स्थानीय तह प्रमुख/जिल्ला आयोजना कार्यान्वयन इकाई प्रमुखले CLPIU/NRA र सम्बन्धित असिस्टेन्ट सब-इन्जिनियर बीच भएको करार सम्झौता भङ्ग गर्न CLPIU/NRA मा सिफारिस गर्न सक्नेछ र CLPIU/NRA ले करार सम्झौता भङ्ग गरी सेवावाट हटाउन सक्नेछ।

२५. समय समयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण वा केन्द्रीय आयोजना कार्यान्वयन इकाईले दिएका निर्देशनहरु पालना गर्ने ।